# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र


**खण्डः ५ संख्याः ७ कार्यपालिकाबाट पारित मितिः २०७९।०५।०४**

**प्रमाणिकरणः२०७९।०५।१६**

**प्रकाशन मितिः २०७९।०५।१६**


## भाग-२

# ठाकुरबाबा नगरपालिका

## ठाकुरबाबा नगरपालिका स्वास्थ्य प्रयोगशाला सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावनाः** नेपालको संविधान २०७२ मा मौलिक हकको रुपमा दफा ३५ मा स्वास्थ्य सम्बन्धी हकको व्यवस्था गरिएको र उपदफा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था रहेको ठाकुरबाबा नगरपालिकामा सञ्चालित प्रयोगशालाहरुलाई थप व्यवस्थित रुपमा सञ्चालन गर्न तथा सेवा विस्तार गरी आम नगरवासीहरुलाई स्वास्थ्य सेवाको पहुँच सरल, सहज र सुलभ रुपमा उपलब्ध गराउन आवश्यक देखिएकोले ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी ठाकुरबाबा नगरपालिकाले यो कार्यविधि लागू गरेको छ।

### <u>परिच्छेद-१</u>
### <u>प्रारम्भिक</u>

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "ठाकुरबाबा नगरपालिका स्वास्थ्य प्रयोगशाला सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९" रहेको छ।

स्वास्थ्य प्रयोगशाला सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

(२) यो कार्यविधि ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "व्यवस्थापन समिति" भन्नाले विधिवत गठन भएको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ।

(ख) "सुरक्षित मातृत्व सेवा" भन्नाले गर्भवती, प्रसुती र सुत्केरी सेवा सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले ठाकुरबाबा नगरपालिका सम्झनु पर्छ।

(घ) "बालबालिका" भन्नाले ५ (पाँच) बर्ष नपुगेका सबै बालबालिका सम्झनु पर्छ।

(ङ) "ज्येष्ठ नागरिक" भन्नाले ६० (साठी) वर्ष पुरा गरेका सबै नेपाली नागरिक सम्झनु पर्छ।

(च) "कार्यपालिका" भन्नाले ठाकुरबाबा नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ।

(छ) "महिला स्वास्थ्य स्वयंसेविका" भन्नाले स्वास्थ्य क्षेत्रमा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाकाहरु सम्झनु पर्छ।

(ज) "पूर्ण अशक्त तथा अति अशक्त अपाङ्ग" भन्नाले नेपाल सरकारले वर्गीकरण गरेको (क) वर्ग तथा (ख) वर्गका अपाङ्गहरु सम्झनु पर्छ।

## परिच्छेद २
## प्रयोगशाला व्यवस्थापन

**३. रकम व्यवस्थापनः**

नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिम यस कार्यमा हुन सक्ने वार्षिक खर्च रकम अनुमान गरी आवश्यक रकमको व्यवस्थापन गर्नेछ।

**४. प्रयोगशाला व्यवस्थापन र सञ्चालन प्रक्रियाः**

नगरपालिकाले देहाय बमोजिमका प्रयोशालासँग सम्बन्धित सेवाहरु प्रदान गर्न आवश्यक व्यवस्थापन गर्नेछ।

**(क) नियमित प्रयोगशाला सेवाः**

यस सेवा अन्तरगत स्थानीय स्वास्थ्य चौकी स्तरमा सञ्चालित प्रयोगशालाबाट नियमित रुपमा प्रदान गरिने सेवाहरु जस्तैः ओ. पि. डि. बाट आएका बिरामीहरुको प्रयोगशाला जाँच, सुरक्षित मातृत्व, क्षयरोग, कुष्ठरोग, औलो, डेंगु लगायतका परीक्षण सेवा पर्दछन्। जसको व्यवस्थापन तपसिल बमोजिम हुनेछ।

(अ) यस नगरपालिकामा सञ्चालनमा रहेका सरकारी स्वास्थ्य संस्थाहरुमा नगरपालिकाले नगरपालिकाको आवश्यकता र क्षमताको आधारमा स्वास्थ्य प्रयोगशाला सेवा सञ्चालन गर्नेछ।

(आ) नगरपालिकाले सङ्घीय तथा प्रदेश सरकारसँग समन्वय गरी आंशिक वा पूर्ण सहयोगमा पनि स्वास्थ्य संस्थामा प्रयोगशाला सेवा सञ्चालन गर्नेछ।

स्वास्थ्य प्रयोगशाला सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९

(इ) नगरपालिकाका स्वास्थ्य संस्था, संघ वा प्रदेश सरकारबाट सञ्चालित प्रयोगशाला सञ्चालनका लागि आवस्यक पर्ने प्राविधिक (ल्याव असिस्टेन्ट), ल्याव उपकरण, सामाग्री तथा रिएजेन्ट र केमिकलहरु तथा प्राविधिकहरुको सेवा सुविधा नगरपालिकाले व्यवस्थापन गर्नेछ ।

आपूर्ति प्रकृया बमोजिम केहि ल्याव उपकरण, सामाग्री तथा रिएजेन्ट र केमिकलहरु सम्बन्धित स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले आफै पनि व्यवस्थापन गर्न सक्नेछन् ।

**२) विशिष्ट प्रयोगशाला सेवा**

यस सेवा अन्तरगत कुनै रोगको परिक्षण तथा निदानका लागि आवश्यक पर्ने विशिष्ट प्रकारको प्रयोगशाला सेवा जस्तै **जीन एस्पर्ट (क्षयरोग परिक्षण सेवा), पी.सी.आर, सिकल सेल** जस्ता परिक्षण सेवा पर्नेछन् जसको व्यवस्थापन तपसिल बमोजिम हुनेछ ।

क. विशिष्ट प्रयोगशालाको नियमित र प्रभावकारी रुपमा संचालन तथा ब्यवस्थापनको लागी तालिम प्राप्त दक्ष कम्तिमा एक जना ल्याव जनशक्तिको नगरपालिकाले नियमित रुपमा ब्यवस्थापन गर्ने छ ।

ख. जीन एक्स्पर्टको लगायतका अन्य विशिष्ट प्रयोगशाला सेवाको नियमितता र समय समयमा मेशिनको जाँच (Calibration) को लागी नगरपालिकाले प्रत्येक बर्ष बजेटको योजना तर्जुमा गरि बिज्ञ इन्जिनियरबाट मेशिनको जाँच (Calibration) तथा मर्मत सम्भार गर्ने छ ।

ग. संभावित तथा सकास्पद क्षयरोगीहरुको खकार नमुना संकलनको लागी नगरपालिकाले जनसंख्याको आधारमा अनुमानित हुन सक्ने संभावित तथा सकास्पद क्षयरोगीहरुको लागी आवश्यक फालकोन टयूव, (Falcone tube), जीप लक ब्याग (Zip lock back), रियजेन्ट (Reagent), ग्लोब्स (Gloves), मास्क (Masks) तथा जाँचको लागी कार्टिरिज (Cartridge) हरुको प्रत्येक बर्ष बजेट बिनियोजित गरि नियमित गरिने छ

घ. जीन एक्सपर्ट मेसिन तथा कोठाको सफाइको लागि ७० % इथेनोल ((70% ethanol/ spirit) र १०% सोडियम हाइपोक्लोरेड सोलुशन (sodium hypocholride solution/ bleach) उपलब्ध्र गराउनेछ ।

ङ. जीन एक्स्पर्ट मेशिन रहेको कोठाको लागी आवश्यक बिजुली, नियमित इन्टरनेट, AC, स्टेप्लाइजर (Steplizer) तथा फ्रीज (Fridge) को नियमित रुपमा नगर पालिकाले ब्यवस्थापन गर्ने छ ।

च. जीन एक्स्पर्टको नियमित र प्रभावकारी रुपमा प्रयोग तथा संचालनको लागी आवश्यक कार्टिरिज (Cartridge) हरुको आपूर्ति प्रक्रिया र मेशिनको जाँच (Calibration) नियमितता आवश्यकताको आधारमा स्वास्थ्य कार्यालय, राष्ट्रिय क्षयरोग केन्द्र, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अन्य सम्बन्धित संघ संस्थाहरुको साथ सहयोग, समन्वय, र सहकार्य गरिने छ ।

छ. जीन एक्स्पर्ट मेसिनको प्रभावकारी संचालन गर्न आवश्यक पर्ने अनूसुची १ बमोजिमको बजेटको व्यवस्था नगरपालीकाले गर्नेछ ।

ज. सिकल सेल रोगको जाँचका लागि आवश्यक पर्ने केमिकल नगरपालीकाले .खरिद गरी सम्बन्धित प्रयोगशालालाई उपलब्ध गराउनु पर्नेछ ।

झ स्वास्थ्य संस्थाबाट निसुल्क प्रयोगशाला सेवा संचालन गर्न आबस्यक अनुसुचि २ बमोजिमका केमिकलहरुको ब्यबस्था नगरपालिकाले गर्नेछ ।

## परिच्छेद ३

**सेवा शुल्क सम्बन्धी व्यवस्था :**

५. सेवा शुल्क :

यस नगरपालीका अन्तर्गत सञ्चालित स्वास्थ्य ल्याव सेवाको सेवा शुल्क देहाय बमोजिम हुनेछ :

(क) ज्येष्ठ नागरिक (७० वर्षभन्दा माथिका), महिला स्वास्थ्य स्वयंसेविकाहरु, पूर्ण अशक्त (वर्ग क) तथा अति अशक्त (वर्ग ख) भएका अपांगहरुको लागि गरिने परिक्षण निःशुल्क हुनेछ ।

ख सुरक्षित मातृत्व सेवा अन्तरगत गर्भवति अबस्था देखि प्रसुति भएको ४२ दिन भित्र गरिने सबै प्रकारका प्रयोगशाला परिक्षणहरु बर्थिङ सेन्टर भएका स्वास्थ्य संस्थाका प्रयोगशालाबाट निशुल्क गरिने छ ।

(ग) जनस्वास्थ्य कार्यक्रमगत परिक्षण जस्तै क्षयरोग, कुष्ठरोग, औलो, डेंगु आदि परिक्षण निःशुल्क हुनेछ

(घ) नगर कार्यपालिका वा व्यवस्थापन समितिले उपयूक्त ठानेका अन्य परिक्षणहरु पनि निःशुल्क गर्न सक्ने छ ।

(ङ) ओ पि डि पर्चाबाट सिफारिस भै आउने बिरामिको हकमा निम्न जाँचहरु निसुल्क हुनेछ ।
Hb% , Urin R/E, M/E , Widal test

(च) माथि क, ख, ग, ङ मा उल्लेखित सेवा परिक्षण बाहेकका परिक्षणहरुको सेवा शुल्क निर्धारण सम्बन्धित स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले नगरपालीकाको समन्वयमा गर्नेछ ।

(छ) ल्यावसेवा शुल्कबाट भएको सम्पूर्ण आम्दानी सम्बन्धित स्वास्थ्य संस्थाको बैक खातामा जम्मा गरी आर्थिक नियमानुसार सम्बन्धित स्वास्थ्य संस्थाले नै ल्याव सामग्री आपुर्ति, रिपोर्ट छपाई, तथा ल्याव सम्बन्धि कामलाई प्राथमिकता दिई खर्च गर्न सक्नेछ ।

स्वास्थ्य प्रयोगशाला सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

## अनूसूची १

**जीन एक्स्पर्ट संचालनका लागि आवश्यक अनुमानति बजेट**

क) १ कार्टरिजको मूल्य २० डलर पर्दछ ।

ख) १३०० कार्टरिज = २५,०० डलर बिगतको आर्थिक वर्षमा लगभग १३०० खकार नमुनाको जांच ( माइक्रोस्कोपी र जीन एक्सपर्ट गरेर) एउटा कार्टरिज (cartridge)मा एउटा खकार नमुनाको जांच गर्न सकिन्छ ( कार्टरिज दोहोरयाएर प्रयोग गर्न मिल्दैन)

ग) क्यालिब्रेसनको र मर्मतको लागि १०,००,०००।

(घ) अन्य खर्च जस्तै फ्यालकन ट्यूब, जिप लक ब्याग, ग्लोव्स , मास्क, ७० % इथेनोल, १0% सोडियम हाइपोक्लोरेड सोलुशन, इन्टरनेट आदि १,५०,०००

(ङ) जोखिम भत्ता लगायतका अन्य खर्च १,००,०००

**जम्मा अनुमानित बजेट नेपाली रुपैया ४५,००,०००.००**

स्वास्थ्य प्रयोगशाला सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

## अनुसुचि २

ठाकुरबाबा नगरपालिका अन्तर्गत रहेका ४ वटा स्वास्थ्य चौकिहरु लाइ आबश्यक प्रयोगशाला केमिकलहरुको बिबरण

| क स | केमिकलको नाम | नेउलापुर | बगनाह | शिबपुर | ठाकुरद्धारा | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | HBSAg Test Kit | 50 | 50 | 50 | 50 | 200 |
| 2 | Urin Analysis reagent strip | 1 Bottle | 1 Bottle | 1 Bottle | 1 Bottle | 4 Bottle |
| 3 | EDTA Tube | 2 box | 1 box | 1 box | 1 box | 5 box |
| 4 | VDRL/ TPHA | 50 Pic | 50 Pic | 50 Pic | 50 Pic | 200 pic |
| 5 | Micro Pipet Cop (10-100) | 1000 pic | 1000 pic | 1000 pic | 1000 pic | 4000 pic |
| 6 | Micro Pipet Cop (100-1000) | 1000 pic | 1000 pic | 1000 pic | 1000 pic | 4000 pic |
| 7 | Blood Sugar Kit | 1 Box | 1 Box | 1 Box | 1 Box | 4 Box |
| 8 | Syringe 3 ml | 1000 Pic | 1000 Pic | 1000 Pic | 1000 Pic | 4000 Pic |
| 9 | Urine Pot | 200 Pic | 200 Pic | 200 Pic | 200 Pic | 800 Pic |
| 10 | HB% re agent | 1000 ml | 1000 ml | 1000 ml | 1000 ml | 4000 ml |
| 11 | Blood Grouping kit | 1 Box | 1 Box | 1 Box | 1 Box | 4 Box |
| 12 | Widal kit | 2 Box | 2 Box | 2 Box | 2 Box | 8 Box |

स्वास्थ्य प्रयोगशाला सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९

# अनुसुचि ३

ठाकुरबाबा नगरपालिका अन्तर्गत रहेका ४ वटा स्वास्थ्य चौकिहरु लाइ आवश्यक प्रयोगशाला केमिकलहरुको बिबरण

| गर्भवति तथा सुत्केरिहरुको प्रयोगशाला जाँच खर्च बिबरण | | | |
|---|---|---|---|
| **क्र स** | **बिबरण** | **खर्च प्रति केश रु** | **१ जना को जम्मा लागत** |
| १ | HBSAg | 30 | ८८ |
| 2 | Urin test R/E,M/E | 5 | |
| 3 | EDTA Tube | 6.5 | |
| 4 | VDRL/TPHA | 30 | |
| 5 | Micro Pipet | 1.5 | |
| 6 | Blood Sugar | 4 | |
| 7 | Syringe 3ml | 3.5 | |
| 8 | Urin Pot | 6 | |
| 9 | HB% | 1.5 | |
| जेष्ठ नागरिकहरु | | | |
| १ | Blood Sugar | 4 | २६।५० |
| 2 | Urin test R/E,M/E | 5 | |
| 3 | EDTA Tube | 6.5 | |
| 4 | Micro Pipet | 1.5 | |
| 5 | Syringe 3ml | 3.5 | |
| 6 | Urin Pot | 6 | |
| O P D सिफारिस बिरामि | | | |
| १ | HB% | 1.5 | २९ |
| 2 | Urin test R/E,M/E | 5 | |
| 3 | widal test | 5 | |
| 4 | Syringe 3ml | 3.5 | |
| 5 | Micro Pipet | 1.5 | |
| 6 | EDTA Tube | 6.5 | |
| 7 | Urin Pot | 6 | |

**आज्ञाले**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

स्वास्थ्य प्रयोगशाला सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९